**मिति २०८१ साल बैशाख २८ गते शुक्रबार ऐसेलुखर्क गाउँकार्यपालिका अध्यक्ष श्री गीरेन्द्र बहादुर राई ज्यूको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठक नं. ०२/१६/२०८०/०८१ मा भएका प्रस्ताव तथा निर्णयहरुः**

**१. पारिश्रमिक रकम भुक्तानी सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिकाको प्रशासकीय भवन निर्माणको ठेक्का नं. ARM-KHO-03/2076/077/NCB को विवाद सम्बन्धमा गाउँपालिकाको तर्फबाट लिखित प्रतिवाद पेश गर्न, बैठकहरुमा सहभागिता जनाउन, कागजातहरु बुझाउन, बहस पैरवी गर्न, लिखित बहसनोट बुझाउन लगायतको काम कारवाही गर्नका साथै कानुनी सेवा तथा परामर्श प्रदान गर्नको लागि गाउँपालिकाले कानुन व्यवसायी नियुक्त गरेकोमा प्रशासकीय भवन निर्माण ठेक्का नं. ARM-KHO-03/2076/077/NCB को सम्पूर्ण विवाद नेपाल मध्यस्थता नियमावली, २०७५ बमोजिम मिति २०८०/०९/२५ गते मेलमिलाप भई समाधान भएकोले गाउँपालिकाको तर्फबाट नियुक्त कानुन व्यवसायी एडभोकेट एण्ड एसोसिएटस् प्रा.लि., सुर्यविनायक, भक्तपुरले पारिश्रमिक भुक्तानीको लागि बिलसहित निवेदन पेश गरेकोले बिल बमोजिमको पारिश्रमिक रकम रु.२,५४,२५०/- (भ्याट सहित) का साथै सोही ठेक्का नं. ARM-KHO-03/2076/077/NCB को सम्बन्धमा उत्पन्न भएको विवाद समाधानको लागि पक्षहरुबाट नियुक्त भएका मध्यस्थहरुको मध्यस्थताको पारिश्रमिक रकम रु.१,२३,०५७/- (भ्याट सहित) रकम विविध खर्च (चालु) शीर्षकबाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

**२. खेलाडी सम्मान सम्बन्धमा ।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका स्थायी ठेगाना भई खेलकुदको माध्यमबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा ऐसेलुखर्क गाउँपालिकाका साथै मुलुकलाई नै विश्वसामु चिनाउँदै खेलकुद क्षेत्रको विकासमा अतुलनिय योगदान पुऱ्याउनु भएका तपसिल बमोजिमका खेलाडीहरुलाई उहाँहरुको खेलकुदप्रतिको योगदानलाई उच्च मूल्याङ्कन गर्दै **"ऐसेलुखर्क गाउँपालिका प्रथम अध्यक्ष कप"** अन्तरपालिका स्तरीय महिला तथा पुरुष भलिबल प्रतियोगिता-२०८१ को अवसरमा खेलाडी प्रोत्साहन स्वरुप आर्थिक सहायता कोष शीर्षकबाट खर्च हुने गरी जनही नगद रु.२५,०००/- हजार साथ सम्मान-पत्र प्रदान गरी सम्मान गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| क्र.स. | नाम, थर | नागरिकता नं. | ठेगाना | खेल विधा | कैफियत |
|---|---|---|---|---|---|
| १. | शान्तिकला तामाङ | १२१०६९/४७७ | ऐसेलुखर्क-२ | भलिबल | |
| २. | निर्मला राई | १२१०६९/३३६ | ऐसेलुखर्क-२ | म्याराथन | |
| ३. | प्रिया राई | १२१०७०/९३४ | ऐसेलुखर्क-२ | म्याराथन | |